SenTIA
Sendai Tourism, Convention and International Association

सेन्दाईमा,

# 「सेन्दाई विदेशी नागरिक प्रकोप रोकथाम लिडर」 हरु छन ।

( जन हितको संस्था ) सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय एसोसिएसन ( SenTIA ) मा 2020 साल बाट, प्रकोप रोकथाममा रुचीराख्ने विदेशी नागरिक नगरबासीहरुको लागि, प्राकृतिक बिपत्ति वा सेन्दाई सिटीको प्रकोप रोकथाम संयन्त्रको बारेमा सिकेर, टोलसमाज प्रकोप रोकथाममा योगदान गर्न, सेन्दाई विदेशी प्रकोप रोकथाम लिडर लाई प्रशिक्षण दिईरहेका छौ । हाल, 22 जना, 15 देशको सेन्दाई प्रकोप रोकथाम लिडरको रुपमा सक्रिय छन ।








## किन विदेशी नागरिक प्रकोप रोकथाम लिडरको आवश्यक छ ?

भाषा र संस्कृतिक, चालचलनहरु फरक भएका विदेशीनागरिक कोलागि, जापान चाहि विदेश हो ।
दैनिक जीवनमा समस्या नभए पनि, प्राकृतिक बिपत्ति त्यो आपतकालीन समयमा, जपानीजले जस्तै कार्य गर्न सक्ने विदेशीहरू धेरै छैनन्।
सेन्दाई विदेशी नागरिक प्रकोप रोकथाम लिडरहरु, आफूबाटै प्राकृतिक बिपत्ति वा प्रकोप रोकथामको बारेमा ज्ञान हाशिल गरि, त्यसलाई वरीपरीका विदेशी नागरिकहरुलाई बताउने छन ।
प्राकृतिक प्रकोप आएको समयमा, स्थानीय नागरिकहरु सँग मिलेर काम गर्दै, स्थानीय जापानिजहरु र विदेशी नागरिकहरु लाई जोड्ने कामको भूमिका खेल्छन ।

## विदेशी नागरिकहरुले प्राकृतिक प्रकोप / प्रकोप रोकथाम सम्बन्धि लिने चिन्ता र आशंका भन्नाले ?

✖ जापानमा आउने प्राकृतिक प्रकोपको बारेमा थाहाछैन



✖ आपतकालीन बेलाको लागिको खानेकुरा तथा आश्रयस्थलको नियमहरुको बारेमा थाहाछैन



✖ जापानिज भाषा नबुझ्ने हुँदा आवश्यक जानकारी पाउन सक्दिन




✖ चिनेको मान्छे थोरै भइ एक्लै बस्ने मान्छेहरु छन



## विदेशी नागरिक प्रोकोप रोकथाम लिडरको भूमिका के हो?

### प्राकृतिक प्रकोप नआएको समयमा

प्रसारित सूचनालाई फैलाउने गर्छौं ।
सेन्दाई सिटीमा आउने प्राकृतिक प्रकोपको कुराहरु, प्रकोप रोकथाम प्रणालीको (कसरी कम गर्ने) बारेमा थाहा नभएका विदेशी नागरिकहरु सम्ममा पुराउने गर्छौं ।

टोल समाजको प्रकोप रोकथाम अभ्यास तथा प्रशिक्षणमा भाग लिनेछौ ।
विदेशी नागरिक प्रकोप रोकथाम लिडरले निलो रङ्को ज्याकेट लगाउछन । प्रकोप रोकथाम प्रशिक्षण केन्द्रमा भाग लिनुभयो भने सँगसँगै व्यवास्थापनमा सहयोग गर्दछन । कृपया बोलाएर सोधिहेर्नुहोस ।



### प्राकृतिक प्रकोप आइपर्दा

सूचना फैलाउने काम गर्दछौ ।
ले प्राकृतिक प्रोकोपको समयमा विदेशी भाषामा सूचना प्रसारित गर्दछ । विदेशी नागरिक प्रकोप रोकथाम लिडरले, भाषा नबुझ्ने विदेशी नागरिकहरु समक्ष सूचना प्रबाह गर्ने गर्दछ ।

बिपत्ति आश्रयस्थलमा चाहि
बिपत्ति आश्रयस्थलको व्यवस्थापन वा, आश्रित विदेशी नागरिकको बिबरण आदि, विदेशी नागरिक प्रोकोप रोकथाम लिडरले गर्नसक्ने काम भएमा, कृपया बोलाएर सोधिहेर्नुहोस ।

## 2020को आर्थिक बर्षमा यसप्रकारको गतिबिधिहरु गयौं ।

**पहिलो पटकको प्रशिक्षण** (2020 साल जुलाई)

सेन्दाई सिटीमा आउने प्राकृतिक प्रोकोप वा सेन्दाईमा बसोबास गरेका विदेशी बासिन्दाहरुको अवस्था, विदेशी नागरिकहरुले सामना गरिरहेका चुनौतीहरुको बारेमा जान्न पायौ । विदेशीनागरिक प्रकोप रोकथाम लिडरको भूमिकाको मनन साथै, क्युजारु खोला आदिले 2019 वर्षको सुरुवातमा 19 नम्बरको ताइफुनबाट बाढीले डुबानमा परेको क्षतिग्रस्त टोलसमाज र महाभूकम्प पछिको (सेन्दाई सिटीको आराहामा प्राथमिक विधालय) अवशेष अबलोकन गयौं ।





**दोस्रो पटकको प्रशिक्षण** (2020 साल अगस्ट)

तोकिएको बिपत्ति आश्रयस्थलको अबलोकन गरि, प्राकृतिक प्रकोप आएको समयमा बिपत्ति आश्रयस्थाल व्यवस्थापनको बारेमा सिक्यौ । बहुसांस्कृतिक प्रकोप रोकथाम कार्यशाला आयोजनागरि, बिपत्ति आश्रयस्थल व्यस्थापनमा उत्पन्न हुने समस्या समाधानको बारेमा टोलसुधार अध्यक्ष र टोलसमाजका नागरिकहरु सँग कुराकानी गरयौ ।





## सेन्दाई विदेशीनागरिक प्रकोप रोकथाम लिडर बन्नु भएको सबैजनामा, किन प्रकोप रोकथाम लिडर बन्नु भएको, अबबाट कस्तो काममा सहकार्य गर्न मनछ भनेर सोध्यौ ।



चिनियाँ नागरिक

**फुकावा युऊको ज्यू,**

म जापानमा आएको आठौ बर्षमा पुर्बी जापानको महाभूकम्पको अनुभव गरि, पहिलो पटक प्राकृतिक प्रकोपको त्रास अनुभव गरें। योभन्दा पहिले प्रकोप रोकथामको बारेमा सोचेको पनि थिइन, प्रकोप रोकथामको बारे र बिपत्तिको समयमा कसरी ज्यान जोगाउने भन्ने बारेमा सिक्न मनलागेर तालिममा सहभागी भएँ ।

तालिमको माध्यमबाट, आफू बस्ने टोलसमाजको बारेमा बढि चासो लिन थालें त्यसैले,अबबाट पनि टोलसमाजको जापानीज र विदेशीनागरिक सँगै बिपत्ति रोकथाम अभ्यास आदिमा सहकार्य गरि, प्राकृतिक प्रकोप सँग सामना गर्ने टोलसमाज निर्माण गर्न सहायता गर्ने मन छ ।



नेपाली नागरिक

**दुवाडी भवानी ज्यू,**

13वर्ष पहिले सेन्दाईमा आएको थिए । छोराछोरि प्राथमिक विधालयमा हुँदाको समय पुर्वी जापानमाको महाभूकम्पको अनुभव गरे । धेरैनै डराएको थिएँ, तर जापानी साथीहरू र वरपरका छिमेकी, नेपाली साथीहरुको सहयोगले सबै समस्याबाट अगाडी बढ्न सके ।

लामो समयसम्म जापानमा बसोबास गरेको हुनाले, आफु बसोबास गरेको टोलसमाजको लागि अलिकिति भएपनि सहयोग गर्ने मन लागेर विदेशी नागरिक प्रकोप रोकथाम लिडर बने ।

जापानमा पहिलोचोटी आउने विदेशीनागरिकलाई प्राकृतिक प्रकोप र प्रकोप रोकथाम सम्बधि सूचनाहरुको जानकारी गराउन चाहन्छु । सेन्दाईमा बस्ने नागरिकको रुपमा प्राकृतिक प्रकोप आइपर्दाको समय सबैजना मिलेर सँगै काम गर्ने पाए हुनेथियो भन्ने सोचेको छु ।



भियतनामी नागरिक

**भूटि रिन चि ज्यू,**

2011सालमा, मैले आफ्नो देशमा पुर्बी जापानको महाभूकम्पको समचार टिभीमा हेरे, एकदमै धेरै दुख लाग्यो । 2021 साल, म अहिले जापानमा छु । आफ्नो व्यक्तिगत क्षमता तेती नभएपनि, टोलसमाज को बशिन्दा सँगै सहयोग गर्न मन लागेर विदेशीनागरिक प्रकोप रोकथाम लिडर बने ।

प्रकोप रोकथाम लिडर बनेपछि भुझेको कुरा, पुर्वतयारी गर्न धेरै महत्वपूर्ण रहेछ । भण्डार गर्ने ठाउँ तयार गरी, वरीपरी बसेका भियतनामीहरु सँगपनि कुराकानी गर्ने बातावरण बनाएं ।आपतकालीन बेलामा जान्नुपर्ने बिषयको भियतनामी भाषामा पम्प्लेट आदि, जापानमा बस्ने भियतनामीहरुलाई पनि हुने उपयोगी जानकारी बनाउने मन छ ।



फिलपिन नागरिकक

**कारुमेरिता ज्योई ज्यू,**

पुर्वी जापानको महाभूकम्प पछि प्रकोप रोकथाम अभ्यासमा भाग लिन थाले । SenTIA ले बनाएको बहुभाषिय प्रकोप रोकथाम भिडियो वा पम्प्लेटको अनुवाद गर्न सहयोग गरेको छु ।

फिलपिनमा पनि प्राक्रितक प्रोकोप धेरै हुनेहुनाले, बिभिन्न कुराको ज्ञान हासिल गर्ने उदेश्यले तालिममा भाग लिए । प्रकोप रोकथाम लिडर तालिम प्राप्त गरिसकेपछि, टोलसुधारको अध्यक्ष सँग कुराकानी गरि, तालिममा प्रयोग गरिएको पम्प्लेटको प्रतिलिपि दिएँ। जापानिज नागरिकहरु, विदेशीनागरिक सँग नडराउनु हुन अनुरोध गर्दछु । एकआपसमा हँसीखुसीले अभिबादन गरि, प्राकृतिक बिपत्ति आएपनि एकअर्कालाई सहयोग गर्न सक्षम बनौ ।



इरानी नागरिक

**सामाने नोआबादी ज्यू,**

राम्रोसँग तयारी गरेर नबस्दा, प्राकृतिक विपत्ति आएको समयमा ठुलो क्षती हुनसक्ने हुँदा, तालिमको माध्यम बाट सिकेको कुरा अन्य विदेशीनागरिक लाई पनि सिकाउनु आवश्यक छ जस्तो लाग्छ।

बिभिन्न प्रकारको प्राकृतिक प्रकोपहरु विश्वभरि हुनेहुदा, हरेक टोलसमाजको अवस्था बुझ्न र मनन गर्नु पनि महत्त्वपूर्ण कुरा रहेछ भन्ने बुझे ।

हामीले विदेशीनागरिक सहित, देश वा धर्मको भेदभाव नगरी, समयमै प्रकोप रोकथाम अभ्यासमा भाग लिई टोलसमाजका बासिन्दाहरु सँगै सहयोग गर्नसक्ने हुन आवाश्यक छ जस्तो लाग्छ ।

### सेन्दाई सिटी संकट व्यवस्थापन कार्यालय, प्रकोप निवारण प्रबर्धन विभाग बाट प्रकोप रोकथाम लिडरहरु सँग आशा गर्नेकुरा

2011सालको पुर्बी जापान महाभूकम्पमा,विपत आश्रयस्थलको जानकारी वा बिपत्तिको जानकारीहरु बुझ्न नसकी चिन्ता महसुस गर्ने विदेशी नागरिकहरु थिए । फेरी, विपत आश्रयस्थलमा भाषा र संस्कृतिको भिन्नताका कारण विदेशीनागरिक सँगको कुराकानीमा गाह्रो भएको कुराहरु पनि सुन्यौ ।

त्यसकारण सेन्दाई सिटीमा, विदेशी नागरिक प्रकोप रोकथाम न्यूनीकरणको बारेमा जनचेतना प्रबर्दन गरि, टोलसमाजको प्रकोप रोकथाम अभ्यासमा सक्रिय सहभागिता हुनलाई आग्रह गरेका छौं।

विदेशीनागरिक प्रकोप रोकथाम लिडरलाई, विदेशीनागरिक टोलका बासिन्दाहरुलाइ प्राकृतिक विपत्तिको समय चिन्ता नपर्नेगरि, सधैजसो एकआपसमा मिलेर, प्रकोप रोकथाम न्यूनीकरणको बारेमा एकसाथ सोच्न साथै सल्लाह दिनसक्ने सक्षम बनाउन चाहन्छौं।

### हिगाशी रोकु चिकु रेंगो टोलसुधार समुह, माएबासी माची टोलसुधार अध्यक्ष होसिजि बाटको सन्देश

प्रकोप रोकथाम लिडर सबैजनालाई प्रशिक्षणको समयमा तोकिएको विपत आश्रयस्थल अबलोकन गरायौ । विपत आश्रयस्थल, आफुआफु मिलेर संचालन गरिन्छ। संचालकले खानेकुरा वितरण गरि, आश्रयस्थलमा बस्नेहरुको स्वास्थ्य सोधपुछ गरि, सरसफाई वा फोहोर व्यवस्थापन गर्ने जस्ता भूमिकाहरु हुन्छन । आश्रयस्थलमा बस्नेको इच्छा र समस्याहरु सुनि, समाधान गर्ने तरिकाको बारेमा सोच्नेछौं ।

आश्रयस्थलमा बस्नुहुनेले पनि सहयोग गर्नुहुन्छ । विदेशी नागरिक प्रकोप रोकथाम लिडरहरु सबैजना सक्रिय रुपमा संचालनमा भाग लिनुहोस । प्रकोपलाई जित्नका लागि सँगै मिलेर काम गरौं।

### वाकायामा प्रान्त सोजा सिटी विदेशनागरिक प्रकोप रोकथाम लिडर व्यवस्थापक सिएरा जि बाट सन्देश

विपत्तिको समयमा, विदेशीनागरिकले बुझ्न सक्ने भाषामा सहि सूचना सामयमानै प्रदान गर्नेकुरा महत्वपूर्ण हुनेछ । जापानमा हुने बिदेशी नागरिकहरुले आफ्नो SNS को प्रयोगगरि सूचनाप्रवाह गर्नु महत्वपूर्ण हुनेछ ।

यद्यपी, सूचनाहरु विदेशी भाषामा अनुवाद गरेर मात्रै पर्याप्त हुदैन। मानिस मानिसहरु बीचको सम्बन्ध एकदम महत्वपूर्ण हुन्छ। अहिलैबाट टोलसमाजमा बसोबास गरेका विदेशीनागरिक सँग परिचय गरि, दैनिक जीवनमा एक अर्काको जीवनशैली र संस्कृतिकको सम्मान गर्ने ,प्राकृतिक बिपत्तिको समयमा पनि मद्दत गर्न सक्दछौं।

## SenTIA को बहुसांस्कृतिक प्रकोप रोकथाम

**SenTIA** मा,「बहुसांस्कृतिक प्रकोप रोकथाम」（टोलसमाज प्रकोप रोकथामको माध्यामले बहुसांस्कृतिक समाज केन्द्रको प्रवर्धन）मा काम गर्दछौं । भाषा र संस्कृति जस्तोसुकै भएपनि, सबैजना सुरक्षितरुपले, शान्तिसँग बस्नसक्ने टोलसमाजको निर्माण गर्ने लक्ष्य राखेकोछौं।

### सेन्दाई विपतिय बहुभाषिक सहायता केन्द्र

सेन्दाई सिटीमा ठुलो प्राकृतिक प्रकोप उत्पत्ति हुन्छभनेर, विपतिय बहुभाषिक सहायता केन्द्रको स्थापना गर्दछ । विपतिय बहुभाषिक सहायता केन्द्रमा, विदेशीनागरिक बिपत्ति पीडितहरुलाई आवश्यक सुचनाहरु विदेशी भाषामा प्रदान गरि, विदेशी भाषामा परामर्श प्रदान गर्दछौ । यो (जन हितको संस्था ) सेन्दाई अन्तर्राष्ट्रिय पर्यटक संघ द्वारा संचालित हो ।

स्थान : सेन्दाई अन्तर्राष्ट्रिय केन्द्र सम्मेलन भवनको पहिलो तल्ला「सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र भित्र」

फोन नंम्बर: **022-224-1919, 022-265-2471**

होमपेज : **http://int.sentia-sendai.jp/saigai**

### सेन्दाई प्रकोपको बेलाको भाषा स्वयंसेवक

यो चाँही भूकम्प र बाढी , ताईफुन जस्ता ठूलाठूला प्राकृतिक बिपत्ति आएको समयमा, जापानिज भाषामा आएको सूचनाहरु बुझ्न कठिन हुने व्यक्तिहरुलाई भाषाको माध्यमबाट सहयोग गर्ने सामुदायिक स्वयंसेवक हो।

साथै,सामन्य समयमा, प्रकोप रोकथाम अभ्यास प्रशिक्षणमा भागलिई, अनुवादक, दोभाषेको मार्फत व्यवस्तापनमा सहयोग गर्नेछौं। प्रकोपको बेलाको भाषा स्वयंसेवकहरुको खोजी गरिरहेका छौ ।

## **SenTIA** मा बिदेशीनागरिकको लागि, प्रकोप रोकथामको लागि उपयोगी बहुभाषामा सूचना प्रदान गर्दछौ ।

#### 『ठूलाठूला प्रकोपहरु आएमा, कहाँ भाग्न सकिन्छ तपाईलाई थाहा छ ?』

सेन्दाई सिटीको नयाँ बासिन्दा हुनालाग्नु भएको विदेशीनागरिकहारुलाई, प्रकोपको समयमा बहुभाषाको सहयोगी जानकारीका साथै सेन्दाई सिटीको तोकिएको बिपत्ति आश्रयस्थल आदिको बारेमा थाहापाउनको लागिको पम्प्लेट हो ।




#### 『प्रकोप रोकथाम अभ्यासको महत्वपूर्ण कुराहरु』

प्रकोप रोकथाम अभ्यासमा सिक्नका लागि महत्वपूर्ण कुराहरु, चित्र सहित प्रस्त्याउने गर्छौं ।

प्रकोप रोकथाम अभ्यासमा भाग लिने विदेशी नागरिकहरुले बिवरण सामाग्रीको प्रयोग गर्नुहोस ।



#### बहुभाषी प्रकोप रोकथाम भिडियो 『भूकम्प ! त्यस्तो समयमा के गर्ने?』

भूकम्पको बारेमा ज्ञान र अनुभव नभएका विदेशी बासिन्दाका लागि मुख्य लक्ष्यको रुपमा, भूकम्प बिरूद्ध तयारी र भूकम्प आएको खण्डमा के गर्ने भन्ने बारेमा सजिलोसँग भुझाऊछौ ।

YouTube मा हेर्न सक्नुहुन्छ ।




#### बहुभाषी प्रकोप रोकथाम पम्प्लेट 『भूकम्पबाट आफ्नो सुरक्षाको लागि केहि सुझाव』

भूकम्पको बारेमा ज्ञान र अनुभव नभएका विदेशी बासिन्दाका लागि मुख्य लक्ष्यको रुपमा, भूकम्प बिरूद्ध तयारी र भूकम्प आएको खण्डमा के गर्ने भन्ने बारेमा संक्षिप्त बिबरण चित्र सहित सजिलोसँग देखाइएको छ ।




SenTIA
Sendai Tourism, Convention and International Association

सम्पर्क स्थान : जन हितको संस्था, सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय एसोसिएसन ( SenTIA ) अन्तर्राष्ट्रिय सम्बन्ध परियोजना विभाग

**SenTIA**मा, विदेश नागरिक नगरबासीहरु सेन्दाईमा ढुक्क तथा सुरक्षितसँग बसोबासको लागि, जिवनयापन सहयोग, जापानिजभाषा सिक्न सहयोग, प्राकृतिक प्रकोपको समयको सहयोग, विभिन्न प्रकारको कार्यक्रमहरु गरिरहेकाछौ | विस्तृत जानकारीको लागि होमपेज हेर्नुहोला ।

फोन नम्बर : 022-268-6260　FAX : 022-268-6252　Email : kokusaika@sentia-sendai.jp

अनुदान : ( सामान्य समावेशी फाउन्डेशन ) स्थनीय सरकार अन्तर्राष्ट्रि एसोसिएसन बहुसांस्कृतिक समाजको सहर विकास प्रवर्द्धन परियोजना